नेपाल सरकार
उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय
विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(........................................................)

फोन नं. ४४७४८५२, ४४८०२७६
४४७८०८५, ४४८०३२६
४४८०४२५, ४४९६८००
४४८१६१४, ४४७६११०
फ्याक्स (९७७-१)-४४८०२५७
पोष्ट बक्स नं. २५०७
थापागाउँ, अनामनगर
काठमाडौं, नेपाल

(अनुमतिपत्र) ०७५/७६
पत्र संख्या :-चलानी नम्बर :- ३६६

मितिः २०७५।०६।०१

विषयः- माथिल्लो कर्णाली जलविद्युत आयोजना (९०० मे.वा.)को ४०० के.भी. विद्युत प्रसारण लाईनको अनुमतिपत्र प्रदान गर्ने बारे ।

M/S Karnali Transmission Company Private Limited,
Chakupat-10, Lalitpur, Nepal,
P.O.Box: 148, Lalitpur ; Phone no. 01-5260259

प्रस्तुत विषयमा यस माथिल्लो कर्णाली जलविद्युत आयोजना (९०० मे.वा.)को ४०० के.भी. विद्युत प्रसारण लाईनको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्र (अनुमतिपत्र संख्य : वि.वि.वि ०६६/६७ वि.प्र.स. ११९) नेपाल सरकार, ऊर्जा मन्त्रालय (सचिवस्तर) को मिती २०६७/०३/२३ को निर्णानुसार मिती २०६८/०३/२२ सम्म बहाल रहने गरी प्रदान भएपश्चात अन्तिम पटक २०७२/०३/२२ सम्मको लागि नविकरण भएको थियो । प्रवर्द्धकले मिती २०७२/०३/२१ मा विद्युत नियमावली २०५० को अनुसूची ७ बमोजिमको ढाँचामा तत्कालिन ऊर्जा मन्त्रालय नेपाल सरकारमा विद्युत प्रसारणको अनुमतिपत्र पाउन दरखास्त दिएकोमा उक्त दरखास्त यस विभागमा मिति २०७५/०५/२१ मा प्राप्त भयो । उक्त दरखास्त जाँच बुझ गर्दा केही विवरणहरु भएकोले विभागको मिती २०७५/०५/२९ निर्णानुसार तपशिल बमोजिमका विवरण तथा कागजातहरु सहित ३५ दिन भित्र विभागमा नयाँ दरखास्त पेश गर्न हुन निर्देशानुसार अनुरोध छ ।

**पेश गर्नु पर्ने विवरणहरु :**

१) विद्युत नियमावली २०५० को अनुसूची-७ मा तोकिए बमोजिमको ढाँचामा दरखास्त ।
२) विद्युत नियमावली २०५० को अनुसूची ११ बमोजिम ९०० मे.वा. विद्युत शक्ति प्रसारण गर्ने विद्युत प्रसारणको अनुमतिपत्र जारी गर्न आवश्यक एकमुष्ट पचास लाख रुपैयाँ विभागको धरौटी खातामा जम्मा गरेको सक्कल रसिद ।
३) प्रवर्द्धक कम्पनीको कम्पनी दर्ता प्रमाणपत्र, उद्योग दर्ता प्रमाणपत्र, प्रवन्धपत्र, नियमावली, स्थाई लेखा नम्बर ।
४) प्रवर्द्धक कम्पनीका अघिल्लो दुइ आर्थिक वर्ष मध्य एकको कर चुक्ता प्रमाणपत्र, परिक्षण गरिएको प्रमाणित वित्तिय विवरण, अद्यवधिक शेयर लगत अभिलेख ।
५) आयोजनामा हुने स्वपूंजी र ऋणको लगानी अनुपात खुल्ने जानकारी, आयोजनामा प्रत्यक्षरुपमा सहभागी हुने वित्तिय संस्थाहरुसँगको सम्झौतापत्र ।
६) प्रस्तुत विद्युत प्रसारण लाइन आयोजनाको स्वीकृत IEE/EIA रिपोट साथै सम्बन्धित संस्थाबाट स्वीकृत पत्र ।
७) प्रस्तुत विद्युत प्रसारण आयोजनाको feasibility study report or detail project report.
८) नेपाल सरकार र प्रवर्द्धक वीच भएको Project Development Agreement (PDA) .
९) प्रस्तुत विद्युत प्रसारण लाइनको सर्भेपछि प्रस्ताव गरिएको route alignment को सक्कल topomap.
१०) विद्युत प्रसारण आयोजनाको निर्माण कार्यतालिका (Construction Schedule) तथा Financial Analysis.
११) सञ्चालक समितिको वैठकको निर्णयपत्र सहितको अख्तियारीनामा पत्रचार गर्ने स्पष्ट ठेगाना र अख्तियारी प्राप्त व्यतिको परिचयपत्र एवम् सम्पर्क नम्बर ।
१२) प्रस्तुत जलविद्युत आयोजनाबाट उत्पादित विद्युत विक्री गर्नको लागि सम्बन्धित निकायसँग गरेको सम्झौतापत्र ।
१३) प्रस्तुत प्रसारण लाइन आयोजनाको लागि स्थायी तथा अस्थायी तवरबाट उपयोग वा प्राप्तीको लागी चाहिने आवश्यक सरकारी वा गैहसरकारी जग्गाको कुल क्षेत्रफल र जग्गाधनीहरुको लगत ।
१४) प्रस्तुत जलविद्युत आयोजनाको विद्युत उत्पादन/सर्वेक्षण अनुमतिपत्र वा सो सम्बन्धी प्रक्रियाको विवरण ।

.......................
(निराज बहादुर भुजेल)
ईन्जिनियर